# सिद्धिचरण नगरपालिका, ओखलढुङ्गा
## कोशी प्रदेश, नेपाल

# स्थानीय राजपत्र

**खण्ड ६)** **सङ्ख्या : ५०** **प्रकाशित मिति : २०८०/१०/२५**

## भाग–२

## सिद्धिचरण नगरपालिकाको आर्थिक सहायता प्रदान गर्ने सम्बन्धी कार्यविधि, २०८१

**स्वीकृत मितिः २०८०/०८/२५**

**प्रमाणीकरण मितिः २०८०/०८/२७**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) वमोजिमको सिद्धिचरण नगर कार्यपालिकाले बनाएको तल लेखिए वमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

**प्रस्तावनाः** लोक कल्याणकारी राज्यको अवधारणा अनुसार आर्थिक रुपले विपन्न, निरपेक्ष गरिबीको रेखामुनी रहेका दीर्घरोगी, हिंसा पीडित तथा मानव बेचविखनमा परेका महिला, बालबालिका, विपन्न, अति अशक्त अपाङ्ग र पूर्ण अशक्त अपाङ्ग, वेवास्तामा परेका ज्येष्ठ नागरिकको हित र प्राकृतिक प्रकोपजन्य विपदबाट पीडित व्यक्तिहरुलाई राहत वितरण गर्न कल्याणकारी कार्य सम्बन्धी कानून तयार गरी आर्थिक सहायतालाई प्रभावकारी बनाउन वाञ्छनीय भएकोले,
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) वमोजिम सिद्धिचरण नगर कार्यपालिका, ओखलढुंगाले यो कार्यविधि बनाई जारी गरेको छ ।

## परिच्छेद-१

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "सिद्धिचरण नगरपालिकाको आर्थिक सहायता प्रदान गर्ने सम्बन्धी कार्यविधि, २०८१” रहेको छ।

(२) यो कार्यविधि राजपत्रमा प्रकाशन भएपछि लागू हुनेछ।

२. **परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-**

(क) **"प्रमुख"** भन्नाले सिद्धिचरण नगरपालिकाको प्रमुखलाई सम्झनु पर्दछ ।

(ख) **"उपप्रमुख"** भन्नाले सिद्धिचरण नगरपालिकाको उप प्रमुखलाई सम्झनु पर्दछ ।

(ग) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले सिद्धिचरण नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ।

(घ) **"नगर कार्यपालिका"** भन्नाले सिद्धिचरण नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ।

(ङ) **"नगरपालिका"** भन्नाले सिद्धिचरण नगरपालिकालाई सम्झनु पर्दछ ।

(च) **"कार्यालय"** भन्नाले सिद्धिचरण नगरपालिका नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ।

(छ) **"वडा अध्यक्ष"** सिद्धिचरण नगरपालिकाका वडा अध्यक्ष सम्झनु पर्दछ ।

(ज) **"आर्थिक सहायता पाउन योग्य व्यक्ति"** भन्नाले आर्थिक रुपले विपन्न भएका, मुटु, मृगौला, मस्तिष्क, फोक्सो, कलेजो जस्ता शरिरका महत्वपूर्ण अंगहरुका रोगी एवं क्यान्सर पीडित व्यक्तिहरु, पक्षपात, यौन हिंसाबाट पीडित एवं बेचविखनमा परेका

महिलाहरु, जोखिमपूर्ण श्रममा संलग्न भएको, हराएको वा वेवारिसे अवस्थामा फेला परेको, दुर्घटनामा परेको, बाबु वा आमा कारागार वा हिरासतमा परेको बेसहारा बालबालिका, यौनशोषण, यौन दुर्व्यवहार, बाबु वा संरक्षकबाट वञ्चित, अपाङ्गता भएको, सुस्त मनस्थिति भएको बालबालिका, बेसहारा, वृद्धवृद्धा तथा विशेष कारणवश बेखर्ची भएका नागरिक, घर गोठ जलेर क्षति भएका एवं बाढी पहिरोबाट पीडित नगरवासी, चट्याङ, आगलागी उल्लेखित व्यहोरा भएका सिद्धिचरण नगरपालिकाका नगर कार्यपालिका कर्मचारी तथा जनप्रतिनिधि सम्झनु पर्दछ ।

## परिच्छेद-२
## नगरस्तरीय आर्थिक सहायता सन्बन्धी मापदण्ड

३. <u>**दीर्घ रोगी तथा क्यान्सर पीडिलाई सहायताः**</u> (१) आर्थिक सहायता पाउन योग्य दीर्घ रोगी (मृगौला, मुटु, फोक्सो, कलेजो, मस्तिष्क, पक्षघात) तथा क्यान्सर पीडित व्यक्तिले आर्थिक सहायता प्राप्त गर्नको लागि आवश्यक कागजात सहित नगरपालिकामा निवेदन दिन सक्नेछन् ।

स्पष्टीकरणः "आवश्यक कागजात भन्नाले आर्थिक रुपले विपन्न भनी सम्बन्धित वडा कार्यालयबाट प्रमाणित कागजात, अस्पतालको रिपोर्ट, नगरपालिकाको स्वास्थ्य संयोजकको सिफारिस लगायतका कागजात बुझ्नु पर्दछ।"

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदनको आधारमा विरामीको अवस्था हेरी रु.१०००।- (एक हजार) देखि बढीमा रु.१०,०००।- (दश हजार) सम्म आर्थिक सहायता दिन सकिनेछ।

४. **<u>हिंसा पीडित तथा मानव बेचविखनमा परेकालाई सहायताः</u>** (१) यौन हिंसाबाट पीडित एवं मानव बेचविखनमा परेका महिलाहरुको तत्काल उद्वार गर्न बढीमा रु.५,०००।- (पाँच हजार) सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ।

(२) पीडितलाई न्याय दिलाउन एवं पुनर्स्थापनाको लागि न्यायिक समिति मार्फत आवश्यक पहल गरिनेछ ।

५. **<u>आर्थिक रुपले विपन्न र पीडित बालबालिकालाई सहायताः</u>** (१) बेवारिसे अवस्थामा फेला परेका, जबरजस्ती श्रमबाट पीडित भएको, बाबु वा आमा कारागार वा हिरासतमा रहेको वा कुनै कसुरसँग सम्बन्धित रहेको कारणले बेवारिसे रहेको, यौन दुर्व्यवहार, बेचविखन वा ओसारपसारमा परेको, हिंसा पीडित, बाबु आमा वा संरक्षकबाट बञ्चित, अपाङ्गता भएको, सुस्त मनस्थिति भएको, सडक बालबालिका, एच.आई.भी. एड्सबाट संक्रमित बालबालिका भएमा तत्काल उद्वार गरी पालनपोषणको लागि रकम रु. ५,०००।- (पाँच हजार) सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।

(२) उपदफा (१) मा उल्लेखित बालबालिकाको शिक्षा दिक्षाको लागि सामुदायिक वा संस्थागत विद्यालयसँग समन्वय गरी छात्रवृत्ति मार्फत पठन पाठनको व्यवस्था गर्न सकिनेछ ।

६. **<u>खेलकुद तथा सांस्कृतिक कार्यक्रम एवं अन्य कार्यक्रम सञ्चालन सम्बन्धी सहायताः</u>** (१) स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरको खेलमा सहभागी हुने खेलाडी तथा स्थानीय रुपमा सांस्कृतिक कार्यक्रम आयोजना गर्ने क्लव तथा संघ संस्थालाई तपसिल वमोजिम आर्थिक सहायता उपलब्ध गराईनेछ ।

क. स्थानीय स्तरमा सञ्चालन हुने खेलकुद तथा कार्यक्रमको लागि बढीमा रु.१०,०००।- (दश हजार) सम्म।

ख. जिल्ला स्तरमा सञ्चालन हुने खेलकुद तथा कार्यक्रमको लागि बढीमा रु.१५,०००।- (पन्ध्र हजार) सम्म ग. प्रदेश तथा राष्ट्रिय स्तरमा सञ्चालन हुने खेलकुद तथा कार्यक्रमको लागि बढीमा रु.२५,०००।- (पच्चीस हजार) सम्म ।

घ. अन्तर्राष्ट्रिय स्तरमा सञ्चालन हुने खेलकुद तथा कार्यक्रमको लागि कार्यपालिकाले निर्णय गरे वमोजिम आर्थिक सहायता उपलब्ध गराइनेछ ।

७. **<u>बेवास्तामा परेका ज्येष्ठ नागरिक </u>सहायताः** ६० वर्ष उमेर पुगेका परिवारका सदस्यले बेवास्ता गरी भिन्न बसेका विपन्न, रोगी, अशक्त, ज्येष्ठ नागरिकले आर्थिक सहायताको लागि नगरपालिकामा निवेदन पेश गरेमा र निवेदन मनासिव भएमा रकम रु.२०००।- (दुई हजार) सम्म आर्थिक सहायता दिई पुनर्स्थापनाको लागि आवश्यक पहल गर्न सकिनेछ । तर नगरपालिकाबाट नियमित सामाजिक सुरक्षा भत्ता रकम बुझ्ने नागरिकको हकमा यो सुविधा पाईने छैन ।

८. **<u>विपन्न परिवारलाई मृत्यु संस्कार सहायताः</u>** (१) आर्थिक रुपमा विपन्न परिवारमा दुर्घटना अथवा आत्महत्याको कारण मृत्यु भई सो को पोष्टमार्टम गर्न नसक्ने परिवारलाई पोष्टमार्टम गर्न, बेवारिसे शव फेला परेमा निजको सदगत गर्न वा व्यवस्थापन गर्न वा अति विपन्नले सदगत काजक्रिया गर्न प्रमाण खुल्ने कागजात सहित निवेदन पेश हुन आएमा नगर कार्यपालिकाले मनासिव ठहराएमा एकमुष्ठ रुपमा रु. १५,०००।- (पन्ध्र हजार) सम्म आर्थिक सहायता दिने सकिनेछ ।

(२) उपदफा (१) वमोजिम सहायता दिन सिफारिस गर्दा सम्बन्धित वडा कार्यालयले निजको परिवारको नियमित आम्दानीको श्रोत नभएको, कुनै व्यापार व्यवसाय नभएको व्यक्तिलाई सिफारिस गर्नु पर्ने छ ।उल्लेखित व्यहोरा आईपरेमा नगरपालिकाको कर्मचारी

तथा जनप्रतिनिधिहरुलाई समेत नगरपालिकाको निर्णयबाट आर्थिक सहायताको लागि यथोचित रकम सहायता दिन सकिने छ ।

९. **<u>संस्थागत सहायता कार्यक्रमः</u>** (१) उल्लेखित प्रकृति र अन्य सामाजिक क्षेत्रको कार्यमा सहयोग पुर्याउन विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने संघ संस्थाहरुलाई कार्यक्रम सहयोग स्वरुप निवेदन पेश हुन आई मनासिव देखिएमा एकमुष्ठ रुपमा बढीमा रू.१०,०००।- (दश हजार) सम्म आर्थिक सहायता दिई सहयोग गर्न सकिने छ ।

१०. **<u>विपद कार्यमा सहायताः</u>** (१) बाढी, पहिरो, आगलागी, भूकम्प, महामारी लगायतका विपदबाट प्रभावित आर्थिक रुपमा विपन्न व्यक्तिहरुको दैनिक जीवन निर्वाह एवं आवास व्यवस्थापनको लागि नगरपालिकामा निवेदन पेश गरेमा र निवेदन मनासिव देखिएमा नगरपालिकाले तपसिल वमोजिम राहत स्वरुप आर्थिक सहायता उपलब्ध गराइनेछ ।

क. प्राकृतिक प्रकोपबाट कुनै व्यक्तिको मृत्यु भएमा मृतकको हकदारलाई काजक्रिया वापत बढीमा रु. १५,०००।- (पन्ध्र हजार) सम्म ।

ख. प्रकोपबाट घरबास भत्किई आंशिक वा पूर्ण क्षति भएमा अवस्था हेरी दैनिक जिविकोपार्जन तथा पुनर्स्थापनका लागि राहत स्वरुप रु. ३,०००।- (तीन हजार) देखि बढीमा रु. १५,०००।- (पन्ध्र हजार) सम्म ।

ग. प्रकोपमा परी अंगभंग भई आंशिक वा पूर्ण अशक्त अपांग भएमा रु. ३,०००।- (तीन हजार) देखि बढीमा रु. १५,०००।- (पन्ध्र हजार) सम्म ।

घ. प्रकोपबाट बालीनाली आंशिक वा पुरै नष्ट भएमा क्षतिको अवस्था हेरी बढीमा रु. १०,०००।- (दश हजार) सम्म।

ङ. प्रकोपबाट पशु तथा चौपाया मृत्यु भएमा अवस्था हेरी बढीमा रु. १०,०००।- (दश हजार) सम्म ।

(२) उपदफा १ वमोजिमको आर्थिक सहायता प्राप्त गर्नका लागि पीडित व्यक्तिले प्रहरी मुचुल्का, वडाको सिफारिस, नागरिकताको प्रतिलिपि, घटनास्थलको स्पष्ट तस्विर सहित नगरपालिकाको कार्यालयमा निवेदन दिनुपर्नेछ ।

## परिच्छेद-३
## वडास्तरीय आर्थिक सहायता सम्बन्धी मापदण्ड

११. **दीर्घ रोगी तथा क्यान्सर पीडिलाई सहायताः** (१) आर्थिक सहायता पाउन योग्य दीर्घ रोगी (मृगौला, मुटु, फोक्सो, कलेजो, मस्तिष्क, पक्षघात) तथा क्यान्सर पीडित व्यक्तिले आर्थिक सहायता प्राप्त गर्नको लागि आवश्यक कागजात सहित वडा कार्यालयमा निवेदन दिन सक्नेछन् ।

स्पष्टीकरणः "आवश्यक कागजात भन्नाले आर्थिक रुपले विपन्न भनी सम्बन्धित वडा कार्यालयबाट प्रमाणित कागजात, अस्पतालको रिपोर्ट, नगरपालिकाको स्वास्थ्य संयोजकको सिफारिस लगायतका कागजात बुझ्नु पर्दछ।"

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन माथि वडा समितिले आवश्यक छलफल गरी आर्थिक सहायता दिने निर्णय गरेमा विरामीको अवस्था हेरी बढीमा रु.३०००।- (तीन हजार) सम्म आर्थिक सहायता दिन सकिनेछ।

१२. **हिंसा पीडित तथा मानव बेचविखनमा परेकालाई सहायताः** (१) यौन हिंसाबाट पीडित एवं मानव बेचविखनमा परेका महिलाहरुको तत्काल उद्धार गर्न बढीमा रु.३,०००।- (तीन हजार) सम्म आर्थिक सहायता

उपलब्ध गराउन सकिनेछ।

(२) पीडितलाई न्याय दिलाउन एवं पुनर्स्थापनाको लागि न्यायिक समिति मार्फत आवश्यक पहल गरिनेछ ।

१३. <u>**आर्थिक रुपले विपन्न र पीडित बालबालिकालाई सहायताः**</u> (१) बेवारिसे अवस्थामा फेला परेका, जबरजस्ती श्रमबाट पीडित भएको, बाबु वा आमा कारागार वा हिरासतमा रहेको वा कुनै कसुरसँग सम्बन्धित रहेको कारणले बेवारिसे रहेको, यौन दुर्व्यवहार, बेचविखन वा ओसारपसारमा परेको, हिंसा पीडित, बाबु आमा वा संरक्षकबाट बञ्चित, अपाङ्गता भएको, सुस्त मनस्थिति भएको, सडक बालबालिका, एच.आई.भी. एड्सबाट संक्रमित बालबालिका भएमा तत्काल उद्वार गरी पालनपोषणको लागि रकम रु.५,०००।- (पाँच हजार) सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।

(२) उपदफा (१) मा उल्लेखित बालबालिकाको शिक्षा दिक्षाको लागि सामुदायिक वा संस्थागत विद्यालयसँग समन्वय गरी छात्रवृत्ति मार्फत पठन पाठनको व्यवस्था गर्न सकिनेछ ।

१४. <u>**खेलकुद तथा सांस्कृतिक कार्यक्रम एवं अन्य कार्यक्रम सञ्चालन सम्बन्धी सहायताः**</u> (१) स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरको खेलमा सहभागी हुने खेलाडी तथा स्थानीय रुपमा सांस्कृतिक कार्यक्रम आयोजना गर्ने क्लव तथा संघ संस्थालाई तपसिल वमोजिम आर्थिक सहायता उपलब्ध गराईनेछ ।

क. स्थानीय स्तरमा सञ्चालन हुने खेलकुद तथा कार्यक्रमको लागि बढीमा रु. १०,०००।- (दश हजार) सम्म।

ख. जिल्ला स्तरमा सञ्चालन हुने खेलकुद तथा कार्यक्रमको लागि बढीमा रु. १५,०००।- (पन्ध्र हजार) सम्म ग. प्रदेश तथा राष्ट्रिय स्तरमा सञ्चालन हुने खेलकुद तथा कार्यक्रमको लागि

बढीमा रु. २५,०००।- (पच्चीस हजार) सम्म ।

घ. अन्तर्राष्ट्रिय स्तरमा सञ्चालन हुने खेलकुद तथा कार्यक्रमको लागि कार्यपालिकाले निर्णय गरे वमोजिम आर्थिक सहायता उपलब्ध गराइनेछ ।

१५. **बेवास्तामा परेका ज्येष्ठ नागरिक सहायताः** ६० वर्ष उमेर पुगेका परिवारका सदस्यले बेवास्ता गरी भिन्न बसेका विपन्न, रोगी, अशक्त, ज्येष्ठ नागरिकले आर्थिक सहायताको लागि नगरपालिकामा निवेदन पेश गरेमा र निवेदन मनासिव भएमा रकम रु. २,०००।- (दुई हजार) सम्म आर्थिक सहायता दिई पुनर्स्थापनाको लागि आवश्यक पहल गर्न सकिनेछ । तर नगरपालिकाबाट नियमित सामाजिक सुरक्षा भत्ता रकम बुझ्ने नागरिकको हकमा यो सुविधा पाईने छैन ।

१६. **विपन्न परिवारलाई मृत्यु संस्कार सहायताः** (१) आर्थिक रुपमा विपन्न परिवारमा दुर्घटना अथवा आत्महत्याको कारण मृत्यु भई सो को पोष्टमार्टम गर्न नसक्ने परिवारलाई पोष्टमार्टम गर्न, बेवारिसे शव फेला परेमा निजको सदगत गर्न वा व्यवस्थापन गर्न वा अति विपन्नले सदगत काजक्रिया गर्न प्रमाण खुल्ने कागजात सहित निवेदन पेश हुन आएमा नगर कार्यपालिकाले मनासिव ठहराएमा एकमुष्ठ रुपमा रु. १०,०००।- (दश हजार) सम्म आर्थिक सहायता दिने सकिनेछ ।

(२) उपदफा (१) वमोजिम सहायता दिन सिफारिस गर्दा सम्बन्धित वडा कार्यालयले निजको परिवारको नियमित आम्दानीको श्रोत नभएको, कुनै व्यापार व्यवसाय नभएको व्यक्तिलाई सिफारिस गर्नु पर्ने छ ।उल्लेखित व्यहोरा आईपरेमा नगरपालिकाको कर्मचारी तथा जनप्रतिनिधिहरुलाई समेत नगरपालिकाको निर्णयबाट आर्थिक सहायताको लागि यथोचित रकम सहायता दिन सकिने छ ।

१७. **<u>संस्थागत सहायता कार्यक्रमः</u>**(१) उल्लेखित प्रकृति र अन्य सामाजिक क्षेत्रको कार्यमा सहयोग पुर्याउन विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने संघ संस्थाहरुलाई कार्यक्रम सहयोग स्वरुप निवेदन पेश हुन आई मनासिव देखिएमा एकमुष्ठ रुपमा बढीमा रू. १०,०००।- (दश हजार) सम्म आर्थिक सहायता दिई सहयोग गर्न सकिने छ ।

१८. **<u>विपद कार्यमा सहायताः</u>** (१) बाढी, पहिरो, आगलागी, भूकम्प, महामारी लगायतका विपदबाट प्रभावित आर्थिक रुपमा विपन्न व्यक्तिहरुको दैनिक जीवन निर्वाह एवं आवास व्यवस्थापनको लागि नगरपालिकामा निवेदन पेश गरेमा र निवेदन मनासिव देखिएमा नगरपालिकाले तपसिल वमोजिम राहत स्वरुप आर्थिक सहायता उपलब्ध गराइनेछ ।

क. प्राकृतिक प्रकोपबाट कुनै व्यक्तिको मृत्यु भएमा मृतकको हकदारलाई काजक्रिया वापत बढीमा रु. १५,०००।- (पन्ध्र हजार) सम्म ।

ख. प्रकोपबाट घरबास भत्किई आंशिक वा पूर्ण क्षति भएमा अवस्था हेरी दैनिक जिविकोपार्जन तथा पुनर्स्थापनका लागि राहत स्वरुप रु. ३,०००।- (तीन हजार) देखि बढीमा रु. १५,०००।- (पन्ध्र हजार) सम्म ।

ग. प्रकोपमा परी अंगभंग भई आंशिक वा पूर्ण अशक्त अपांग भएमा रु. ३,०००।- (तीन हजार) देखि बढीमा रु. १५,०००।- (पन्ध्र हजार) सम्म ।

घ. प्रकोपबाट बालीनाली आंशिक वा पुरै नष्ट भएमा क्षतिको अवस्था हेरी बढीमा रु. १०,०००।- (दश हजार) सम्म।

ङ. प्रकोपबाट पशु तथा चौपाया मृत्यु भएमा अवस्था हेरी बढीमा रु. १०,०००।- (दश हजार) सम्म ।

(२) उपदफा १ वमोजिमको आर्थिक सहायता प्राप्त गर्नका लागि पीडित व्यक्तिले प्रहरी मुचुल्का, वडाको सिफारिस, नागरिकताको प्रतिलिपि, घटनास्थलको स्पष्ट तस्विर सहित नगरपालिकाको कार्यालयमा निवेदन दिनुपर्नेछ ।

## परिच्छेद-४
## आर्थिक सहायता सम्बन्धी विशेष व्यवस्था

**१९.** (१) क. नगरको सामाजिक, आर्थिक, राजनैतिक, साहित्य, सांस्कृतिक, कला, विज्ञान, स्वास्थ्य, शैक्षिक, पूर्वाधार विकास जस्ता विषयमा उल्लेख्य योगदान दिने व्यक्तिलाई निजको पारिवारिक स्वास्थ्य अवस्था नाजुक भएको भन्ने देखिएमा यसै कार्यवधिमा व्यवस्था भए वमोजिमको अवस्था हेरी एक पटकका लागि मात्र बढीमा रु.२५,०००।- (पच्चीस हजार) सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।

ख. नगरपालिकाको कार्यालयमा काममा वा कार्यालयको काममा आउँदा वा फर्किदा कुनै जनप्रतिनिधि वा कर्मचारी आकस्मिक रुपमा दुर्घटना भई विरामी भएमा, घाईते भएमा निज वा निजको हकवालालाई बढीमा रु. र मृत्यु भएमा निजको हकवालालाई बढीमा रु. रुपैंयासम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।

(२) दफा १ क. र ख. वमोजिम उपलब्ध गराइने आर्थिक सहायताको निर्णय कार्यपालिकाबाट निर्णय गराई उपलब्ध गराईनेछ ।

**२०.** **निवेदन दिनुपर्नेः** उल्लेखित क्षेत्रमा सहायता पाउन अनुसूची-१ वमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ ।

**२१.** यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि रु.

३,०००।- (तीन हजार) सम्मको आर्थिक सहायता प्रमुखको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले सिधैं प्रदान गर्न सकिनेछ ।

२२. यस कार्यविधि वमोजिम प्रदान गरिने आर्थिक सहायता एकै व्यक्तिलाई एकै प्रकृतिको घटनामा १ (एक) वर्ष भित्र १ (एक) पटक मात्र उपलब्ध गराइनेछ ।

२३. आर्थिक सहायता सम्बन्धी रकम नगर सभाबाट विनियोजन भए वमोजिम हुनेछ ।

२४. अभिलेख राख्नुपर्ने आर्थिक सहायता वापत उपलब्ध गराइएको रकम र आर्थिक सहायता पाउँने लक्षित समूहको विवरण सहितको अभिलेख कार्यालयले राख्नु पर्नेछ ।

२५. **झुटा विवरण पेश गर्न नहुने:** लक्षित समूहको नामबाट झुटा विवरण पेश गरेको व्यहोरा पुष्ट्याई भएमा सो कार्यविधि वमोजिमको आर्थिक सहायता दिइने छैन । आर्थिक सहायता सम्बन्धी रकम भूक्तानी लिई सकेको रहेछ भने प्रचलित कानून वमोजिम कारवाही गरी असुल उपर गरिनेछ ।

२६. **लेखा परीक्षण सम्बन्धी व्यवस्थाः** आर्थिक सहायता कोषको आर्थिक कारोबारको लेखा परीक्षण नगरपालिकाको अन्य लेखा परीक्षण प्रक्रिया वमोजिम हुनेछ ।

## परिच्छेद-५
## विविध

२७. **संशोधन तथा परिमार्जनः** यस कार्यविधिलाई व्यवस्थित बनाउन आवश्यकता अनुसार नगर कार्यपालिकाबाट संशोधन तथा परिमार्जन गर्न सकिनेछ ।

२८. **खारेजी र बचाउः** सिद्धिचरण नगरपालिकाबाट यस अघि जारी भएको आर्थिक सहायता प्रदान गर्ने कार्यविधि, २०७६ र सो को संशोधनलाई खारेज गरिएको छ । यस कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा यसै अनुसार र अन्य प्रचलित कानूनसँग बाझिएको हकमा बाँझिएको हदसम्म अमान्य हुनेछ । साथै नगर कार्यपालिकाबाट यस आ.व. मा आर्थिक सहायता र सहयोग सम्बन्धमा भएका निर्णयहरु यसै कार्यविधि वमोजिम भएको मानिनेछ ।

२९. **<u>प्रचलित कानून बमोजिम हुनेः</u>** यस कार्यविधिमा उल्लेख भएको विषयमा यसै कार्यविधि बमोजिम र अन्य विषयको हकमा प्रचलित कानून वमोजिम हुनेछ ।

अनुसूची-१

(कार्यविधिको दफा २० सँग सम्बन्धित)

## आर्थिक सहायताका लागि पेश गर्ने निवेदनको ढाँचा

मिति :

ने.सं.

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
सिद्धिचरण नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, ओखलढुंगा ।

**विषयः आर्थिक सहायता उपलब्ध गराईदिनु हुन।**

महोदय,

प्रस्तुत विषयमा म र हामी ........................................ रोगले ग्रसित भई/समस्यामा परी .......................................... गर्नुपर्ने व्यहोरा अवगत गराउँदछु/छौं । उपचार र ............................................ को लागि म र मेरा परिवारको आर्थिक अवस्था नाजुक भएकाले सो को लागि तहाँ कार्यालयको नियमानुसारको आर्थिक सहायता उपलब्ध गराइदिनु हुन तपसिलका कागजातहरु यसैसाथ संलग्न गरी पेश गर्दछु/छौं ।

**तपसिल**

१. आर्थिक रुपले विपन्न भएको सिफारिस तथा प्रमाणित प्रतिलिपि,

२. नागरिकता/जन्म दर्ता/ विवाह दर्ता/.................................... को प्रतिलिपि,

३. अस्पताल/सम्बन्धित निकायको रिपोर्ट,

४. वडा अध्यक्ष/स्वास्थ्य संयोजक/सम्बन्धित निकायको जिम्मेवार निकायको जिम्मेवार पदाधिकारीको सिफारिस ।

५.

(माथि उल्लेखित सबै व्यहोरा ठिक साँचो हो झुठा ठहरे कानून बमोजिम सहूँला बुझाउँला ।)

**निवेदक**

नाम :

दस्तखतः

ठेगानाः

आज्ञाले,

निलकण्ठ विश्वकर्मा

प्रमुख प्रशासकीय अधिकृत